मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक २८ गते शुक्रबार ❑ 14 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## लामिछाने र जोशीको मुद्दामा सर्वोच्चको सक्कल मिसिल झिकाउन आदेश

**रासस**
काठमाडौं, २७ कार्तिक

उच्च अदालत तुलसीपुर, बुटवल इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीको मुद्दामा सर्वोच्च अदालतबाट सक्कल प्रमाण मिसिल झिकाउन आदेश दिएको छ ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा बिहीबार न्यायाधीशद्वय वासुदेव आचार्य र ओमप्रसाद अर्यालको इजलासले सो आदेश दिएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिनुभयो । बुटवलको सुप्रिम सहकारी संस्थाको रकम ठगी र सङ्गठित अपराध अभियोगमा थुनामा रहेका लामिछाने र जोशीको मुद्दाको सुनुवाइका लागि आज तोकिएको पेसीमा छलफल हुँदा सर्वोच्च अदालतबाट यस मुद्दामा यसअघि भएको आदेशको सक्कल मिसिल झिकाउने आदेश भएको सूचना अधिकारी कुँवरले जानकारी दिनुभयो । यसअघि यही कात्तिक २० गतेको पेशीमा न्यायाधिश वासुदेव आचार्य र अर्यालको इजलासमा जिल्ला अदालत रुपन्देहीले जारी गरेको सुरु आदेशलगायत अन्य फाइल मगाउने आदेश भएको थियो । सोही आदेशअनुसार जिल्ला अदालतबाट मिसिल प्राप्त भएपछि बिहीबारका लागि पेशी तोकिएको हो । यसअघि कात्तिक १३ गते तोकिएको पेशी जोशीका कानुन व्यवसायीको निवेदनका आधारमा सुनुवाइ स्थगित भएको थियो । त्यसअघि लामिछानेको मुद्दामा न्यायाधिशद्वय मिलनकुमार राई र ओमप्रसाद अर्यालको इजलासले एकै प्रकृतिका मुद्दा भएकाले दुवै मुद्दा एकैसाथ राख्न आदेश गरेको थियो ।

बिगो बमोजिमको रकम बुझाइ थुना बाहिरै बसेर मुद्दा लड्न लामिछानेले माग गरेकामा उच्च अदालतले लामिछानेसँगै जोशीको फाइल पेस गर्न आदेश दिएको थियो । यसअघि लामिछानेको मुद्दामा उच्च अदालत बुटवलले नै कैफियत प्रतिवेदन माग गर्ने आदेश दिएको थियो । बुटवलको सुप्रिम सहकारी ठगीमा रविसहितका प्रतिवादीलाई रु १० करोड ९९ लाख ३६ हजार सामूहिक बिगो कायम गरेर अभियोगपत्र दायर गरिएको छ । सहकारीमा अपचलन गरेको आफ्नो भागको बिगो रकम दाखिल गर्दा पनि जिल्ला अदालत रुपन्देहीले रिहा नगरेपछि भदौ ९ गते उच्च अदालतमा निवेदन दर्ता गराउनुभएको थियो । लामिछानेले त्यसको चार भागमध्ये आफ्नो भागको एक भाग बिगो बराबरको रु दुई करोड ७४ लाख ८४ हजारको बैंक जमानत निवेदनसाथ पेस गर्नुभएको थियो । गत साउन २६ गते जिल्ला अदालतका न्यायाधिश नारायण सापकोटाको इजलासले लामिछानेको निवेदनमा सुनुवाइ गर्दै रिहा गर्न अस्वीकार गरेको थियो । लामिछानेले जस्तै जोशीले त्यति नै बिगोवापतको जमानत पेस गर्नुभएको थियो । तर दुवै प्रतिवादीको हकमा उनीहरूको भागमा कति बिगो कायम हुने भन्ने नै यकिन नभएकाले रिहा गर्न नमिल्ने एकै प्रकृतिको आदेश जिल्ला अदालतले गरेको थियो । सहकारी संस्था रकम ठगी र सङ्गठित अपराध अभियोगमा अदालतको आदेशबाट लामिछानेलाई ललितपुरको नख्खु कारागारमा र जोशीलाई भैरहवा कारागारमा पुर्पक्षका लागि थुनामा राखिएको छ ।

## अन्तर्राष्ट्रिय इन्डुरो रेस पोखरामा सुरु, ८ देशका माउन्टेन बाइक प्रेमीको सहभागिता

**पोखरापत्र संवाददाता**
पोखरा, २७ कार्तिक



तेस्रो संस्करणको इन्डुरो अन्तर र्राष्ट्रिय माउन्टेन बाइक प्रतियोगिता सुरु भएको छ । तीन दिनसम्म सञ्चालन हुने यो प्रतियोगिता पोखरा महानगरपालिका वडा नम्बर १३ को आर्बा-बिजय डाँडामा भएको हो ।

प्रतियोगिताको उत्घाटन पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले गरे । उत्घटान सत्रमा बोल्दै मेयर आचार्यले पोखरा पर्यटनको राजधानी भनिएपनि अन्तर्राष्ट्रिय स्तरका खेल गतिविधि र इभेन्टहरु भइरहने भएकाले पोखरा साहसिक खेलको केन्द्रका रूपमा स्थापित हुँदै गएको बताए । साथै विश्वका विभिन्न देशका बाइकर्सले पोखराको पहाडी सौन्दर्य र चुनौतीपूर्ण ट्र्याकमा प्रतिस्पर्धा गर्न बढी नै रुचाउने गरेको उनले बताए । 'ड्रागन बोट रेस, क्रस कन्ट्रीलगायत धेरै अन्तर्राष्ट्रिय प्रतियोगिता पोखरामा हुँदै आएकोले पनि खेलकुद सँगै पर्यटन प्रबर्द्धनमा ठूलो टेवा पुगेको छ ।' मेयर आचार्यले भने । प्रतियोगितामा जर्मनी, सिंगापुर, अष्ट्रेलिया, युके, श्रीलङ्का, ओमन, अमेरिका र नेपाल गरी ८ देशका ४५ खेलाडी सहभागी छन् । १३ बढी देशका १ सय खेलाडी सहभागी हुने अपेक्षा आयोजक कम्पनी डन टिल डस्कले गरेपनि गत भदौ २३ र २४ गते नेपालमा भएको जेन्जी आन्दोलनले नकारात्मक असर पारेको प्रतियोगिताका रेस डाइरेक्टर सुनिलचन्द्र शर्माको भनाइ छ ।' सहभागी सोचे भन्दा कम भएपनि जति आउनुभएको छ, उहाँहरू पोखराको यो मौसम र भौगोलिक बनावटले निकै खुसी हुनुहुन्छ । त्यसमाथि स्थानीय नागरिक र स्थानीय निकायले देखाएको समन्वयकारी भूमिका निकै प्रसंसनीय छ ।'-डाइरेक्टर शर्माले भने । उद्घाटन सत्रको अध्यक्षता गरेका पोखरा वडा १३ का वडाध्यक्ष किरण बरालले 'पोखरा इन्डूरो रेस' पोखराकै ब्रान्डका रूपमा स्थापित भइसकेको बताए । प्रतियोगितामा पुरुषतर्फ जुनियर (१२-१८ वर्ष), महिला खुला (१८ वर्ष माथिका), इलिट (२९ वर्ष माथिका), मास्टर्स 'क' (३०-३९ वर्ष), मास्टर्स 'ख' (४०-४९ वर्ष) र भेट्रान (५० वर्ष माथि) गरि ६ विधामा ६ वटै ट्र्याकमा प्रतिस्पर्धा हुनेछ ।

समुन्द्री सतहबाट १३ सय ६० मिटर उचाँईमा रहेको आर्वा-बिजय डाँडामाआयोजक डन टिल डस्कले सन् २०२० देखि तयारी गर्दै उक्त क्षेत्रमा संरचना बनाइरहेको छ । यस अघि २०८० र २०८१ सालमा प्रतियोगिता सम्पन्न भइसकेको छ । यो इन्डुरो प्रतियोगिताले विश्वभर ठुलो संख्यामा रहेका माउन्टेन बाइक प्रेमी आकर्षित भई नेपालको पर्यटन प्रबर्द्धनमा सहयोग पुग्ने अपेक्षा आयोजकको छ ।

## यातायात क्षेत्रलाई उद्योगको रूपमा मान्यता दिन व्यवसायीको माग

**रासस**
काठमाडौं, २७ कार्तिक



नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका केन्द्रीय अध्यक्ष बिजय बहादुर स्वाँरले नीजि क्षेत्रको ठुलो लगानी रहेको यातायात क्षेत्रलाई उद्योगको रुपमा मान्यता दिन माग गर्नु भएको छ ।

बिहीबार पोखरामा सम्पन्न पोखरेली ट्याक्सी सेवा प्रालिको सातौं वार्षिक साधारण सभाको उद्घाटन गर्दै अध्यक्ष स्वाँरले १३ खर्ब भन्दा बढी लगानी रहेको यातायात क्षेत्रको भविष्य सुरक्षित गर्न उद्योगको रूपमा मान्यता दिनुपर्ने माग गर्नु भएको हो । उहाँले भन्नुयो "देशभर १३ खर्ब रुपैयाँ भन्दा बढी लगानी यस क्षेत्रमा भइसकेको छ र १५ लाख भन्दा बढी नेपाली प्रत्यक्ष रोजगारमा छन् भने तीनका परिवार जोड्दा ४० लाख नेपालीको जीवन यो क्षेत्रसँग गाँसिएको छ ।" यी सबैको भविष्य सुरक्षित गर्न सरकारको स्पष्ट नीति आवश्यक भएको बताउदै उहाँले राष्ट्रिय उद्योगको रूपमा यातायात क्षेत्रलाई विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

सरकारप्रति आक्रोश पोख्दै उहाँले भन्नुभयो "सरकार हाम्रो अभिभावक हो, हामी सहकार्यका लागि तयार छौं, तर सरकारले हामीलाई पेलिरह्यो भने हामी हाम्रो शक्ति देखाउन बाध्य हुनेछौं, जुन वेला दुर्घटना निम्तिन सक्छ ।" उहाँले अवैध रूपमा सञ्चालनमा रहेका विदेशी राइडसेयरिङ एपहरूका विरुद्ध आफूहरू उठेको स्पष्ट गर्दै अब भने पोखराबाट सुरु भएको नेपाली एप मुभईन एपलाई सबैले प्रयोगमा ल्याउन आग्रह गर्नुभयो । आफुहरु प्रविधि विरोधी नभएको बताउदै अध्यक्ष स्वाँरले पोखरामा तयार पारेको 'मुभइन' एपलाई देशमै पहिलो कानुनी र घरेलु राइडसेयरिङ मोडलका रूपमा प्रस्तुत गर्दै यसको देशव्यापी प्रयोग बढाउन आग्रह गर्नुभयो । महासंघका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौला (सरोज) ले सिण्डिकेट तोड्ने नाममा सरकारले २०७४ सालमै यातायात क्षेत्रलाई भत्काएको आरोप लगाउनुभयो । वरिष्ठ उपाध्यक्ष ऐनकुमार साईले व्यवसायी फुटेर नभई जुटेर अघि बढन सुझाव दिदै स्थानीय तहको निर्वाचन र यातायात व्यवसायीहरु माथि कुनै राजनीतिक विभाजनमा नपार्न आग्रह गर्नुभयो । सवारी ऐनअनुसार रातो प्लेटले यात्रु बोक्न नपाउने उनले जनाउनु भयो । महासंघका सचिव भानुभक्त बरालले क्षेत्र गम्भीर संकटमा परेको उल्लेख गर्दै अब सबै सरोकारवाला एउटै टेबलमा बस्नुपर्ने बेला आएको जनाउनु भयो ।

ट्याक्सी वर्गीय संयोजक प्रकाशमणी तिवारीले महासंघ कमजोर बनेपछि सरकारले यातायात क्षेत्रमा हस्तक्षेप गर्न थालेको गुनासो गर्दै सञ्चारमाध्यमले व्यवसायीको पीडा नउठाएको भन्दै पत्रकार हरूसँग पनि आक्रोश व्यक्त गर्नुभयो ।

गण्डकी प्रदेश संयोजक केदार पौडेलले सिण्डिकेट तोड्ने नाममा व्यवसायीलाई प्रालिमा ल्याएर पीडा थपिएको उल्लेख गर्दै सवारी ऐन संशोधनको माग गर्नुभयो ।

पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले ट्याक्सी सेवालाई अझ प्रभावकारी र विश्वसनीय बनाउन सुझाव दिए दिनुभयो । मजदुर नेता किरणबाबु पन्तले व्यवसायी र मजदुरबीच सहकार्य आवश्यक भएको बताउनु भयो । कार्यक्रममा 'मुभइन' एपको डेमो प्रस्तुत गरिएको थियो ।

पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष शोभाकान्त पौडेलले कम्पनी प्रविधिमैत्री बन्दै गएको बताउँदै भन्नुभयो, "अब हामी आफ्नै एपमार्फत यात्रु सेवामा थप सहजता ल्याउँदैछौं ।" सांस्कृतिक रंगमा समेटिएको कार्यक्रममा हिमाली सांस्कृतिक परियार समूहले नृत्य प्रस्तुत गरेको महासचिव युवराज भट्टराईले बताउनु भयो ।

## नेचुङ भन्सारद्वारा तीन अर्ब ४९ करोड राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २७ कार्तिक

नेपाल-चीन सिमानास्थित नेचुङ भन्सार कार्यालयले रु तीन अर्ब ४९ करोड ८५ लाख ११ हजार राजस्व सङ्कलन गरेको छ ।

उक्त रकम गत भदौ ३१ देखि यही कात्तिक २५ गतेसम्म सङ्कलन भएको हो । भन्सार प्रमुख रमेश खड्काका अनुसार उक्त अवधिमा एक हजार ६९९ वटा विद्युतीय सवारीसाधन चीनबाट पैठारी भएका छन् । यसैगरी, ८२८ वटा मालवाहक सवारीसाधन आयातित सामग्री लिएर आएका छन् ।

नेपालबाट ४१ वटा मालवाहक सवारीसाधन हस्तकलाका सामग्री लिएर चीनतर्फ गएका छन् ।

समयमै बसाइसराइ दर्ता गरौं ।

बसाइँ सरेर जाँदा चाहिने कागजातहरु:
- लगत हस्तान्तरण फाराम,
- बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका वालवालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- वावु वेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।

बसाइँ सरेर आउँदा चाहिने कागजातहरु:
- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता ।

सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र वसाइँ सराइको दर्ता गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## पोखरा-मुग्लिन सडक: पश्चिम खण्डको १८ किलोमिटर कालोपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ कार्तिक

पोखरा-मुग्लिन सडकको पश्चिम (पोखरा-जामुने) खण्डमा १८ किमी (दुई लेन) कालोपत्र सम्पन्न भएको छ ।

अठतिस किलोमिटर लामो

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्काइडाइभिङका लागि पोखरा रोज्दै पर्यटक

– राम थापा
गण्डकी, २७ कार्तिक /रासस

पोखराको पर्यटन तालतलैया, डाँडाकाँडा र हिमालमा मात्र सीमित छैन । यहाँको पर्यटनको हिस्सा संस्कृति र साहसिकता पनि हो । 'नेचर, कल्चर र एडेभन्चर'लाई पोखरा मात्र नभएर नेपालकै पर्यटन विकासको मूल आधारसमेत मानिन्छ । प्रकृति र संस्कृतिले सजिएको पोखरा साहसिक पर्यटन गन्तव्यका रुपमा पनि परिचित छ ।

प्याराग्लाइडिङदेखि हट एयर बेलुनसम्म, अल्ट्रालाइटदेखि स्काइडाइभिङसम्मका साहसिक खेल गतिविधिले पोखराको पर्यटनमा बेग्लै आकर्षण थपेका छन् । बर्सेनि ठूलो संख्यामा देशीविदेशी पर्यटक साहसिकररोमाञ्चकखेलकोअनुभव बटुल्न पोखरा आउँछन् । एरियल स्पोटर्स विधामा पर्ने स्काइडाइभिङ यतिबेला पोखरामा सञ्चालन भइरहेको छ । विसं २०६७ मा पोखरामा पहिलोपटक परीक्षण उडान गरिएको स्काइडाइभिङ त्यसयता वर्षको एक/दुई याममा आयोजना हुँदै आएको छ । विशेष गरी असोज/कात्तिक र चैत/वैशाखको पर्यटकीय याममा स्काइडाइभिङका लागि आउनेको स¤्या बढी हुन्छ । यस याममा यही नोभेम्बर १ देखि सुरु भएको स्काइडाइभिङ शनिबारसम्म सञ्चालन हुनेछ ।

हेलिकप्टर सेवा प्रदायक सिम्रिक एयरसँग मिलेर इनस्काइ स्काइडाइभ कम्पनीले पोखरामा स्काइडाइभिङ गराइरहेको हो । पोखरा महानगरपालिका-२३ पामे, लौराकमा रहेको एभिया क्लबको हवाई खेलकुद अभ्यास मैदानमा स्काइडाइभिङ भइरहेको कम्पनीका सञ्चालक निर्मल पाण्डेले जानकारी दिनुभयो ।

पोखराको पुरानो विमास्थलबाट गएको हेलिकप्टर लौराकबाट १३ हजार फिटको उचाइमा पुगेपछि प्रशिक्षकहरुले पर्यटकलाई स्काइडाइभिङ गराउने गरेका छन् । उहाँका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिकप्टर कम्पनीलाई एकपटकमा जम्मा १५ दिनका लागि मात्र स्काइडाइभिङको अनुमति दिँदै आएको छ । "यो अवधिमा ५२ विदेशी र नेपालीले स्काइडाइभिङ गर्दै हुनुहुन्छ", पाण्डेले भन्नुभयो,



"स्काइडाइभिङका लागि १२ रसियन स्पोर्टस् जम्पर्स पोखरा आउँदैछन्, यसलाई नियमित रुपमा चलाउन सके धैरै विदेशी पर्यटकलाई पोखरामा ल्याउन सकिन्छ ।" प्राधिकरणले स्काइडाइभिङका लागि पटके रुपमा नभई नियमित सञ्चालनको अनुमति दिएमा नेपालको पर्यटन क्षेत्रले ठूलो लाभ लिने उहाँले बताउनुभयो । स्काइडाइभिङ कम्पनीहरुले मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र 'आरएओसी' दिन प्राधिकरणसँग माग गर्दै आएको पाण्डेले बताउनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मनोरञ्जनात्मक उड्डयन सेवा सञ्चालनका लागि इजाजतपत्र दिए पनि प्राधिकरणबाट 'आरएओसी' नपाएका कारण कम्पनीहरुले आफै स्काइडाइभिङ सञ्चालन गर्न सकेका छैनन् । कम्पनीहरुले हेलिकप्टर कम्पनीसँग छुट्टै सम्झौता गरी स्काइडाइभिङ गराउँदै आएका छन् । "एक पटकमा १५ दिनलाई मात्र अनुमति दिँदा स्काइडाइभिङको बजार प्रवर्द्धन र दिगो व्यवस्थापनमा चुनौती छ, अनुमति लिने प्रक्रिया पनि लामो र झञ्झटिलो भएकाले समस्या भइरहेको छ", सञ्चालक पाण्डेले भन्नुभयो, "प्राधिकरणले 'आरएओसी' दिएमा कम्पनीहरु स्काइडाइभिङमा लगानी गर्न तयार छन्, यसबाट राज्यको आम्दानी पनि बढ्छ, रोजगारी पनि सिर्जना हुन्छ ।" अहिले तालिमप्राप्त र अनुभवी नेपाली प्रशिक्षकबाटै स्काइडाइभिङ गराइएको उहाँको भनाइ छ । केही वर्ष अघिसम्म पोखरामा विदेशीले मात्र स्काइडाइभिङ गराउँथे । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले पोखरा स्काइडाइभिङका लागि उपयुक्त गन्तव्य रहेको बताउनुभयो । "पोखरा र सगरमाथा क्षेत्रको स्याङबोचेलाई स्काइडाइभिङको गन्तव्यस्थल बनाउने गरी तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "पटक-पटक गरिएको स्काइडाइभिङको सफल उडान र अवतरणले पनि यी दुवै ठाउँको सम्भाव्यता उजागर गरेको छ ।"

प्राधिकरणले तोकेको मापदण्ड पूरा गर्ने स्काइडाइभिङ कम्पनीलाई मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र 'आरएओसी' दिने प्रक्रिया अगाडि बढाइएको सूचना अधिकारी भुलले बताउनुभयो । "केही कम्पनीहरु सम्पर्कमा आइरहनुभएको छ, सकेसम्म यही आर्थिक वर्षदेखि नभए अर्को वर्षदेखि 'आरएओसी' दिन्छौँ", उहाँले भन्नुभयो, "मनोरञ्जनात्मक उड्डयन सञ्चालन प्रमाणपत्र पाउने कम्पनीले जुनसुकै समयमा स्काइडाइभिङ गराउन पाउँछन्, अहिले जस्तो पटके अनुमतिपत्र लिनुपर्ने अवस्था रहँदैन ।" उक्त सञ्चालन प्रमाणपत्र लिन स्काइडाइभिङ कम्पनीहरुसँग आफ्नै वायुयान (हेलिकप्टर/जहाज) हुनुहुर्ने नत्र हेलिकप्टर सेवा प्रदायकसँगको पाँच वर्षे सम्झौता चाहिने सूचना अधिकारीले भुलले बताउनुभयो । स्काइडाइभिङ गराउन चाहने कम्पनीका लागि छुट्टै आधारस्थल र एयर स्पेस पनि निर्धारण हुनुपर्ने उहाँको भनाइ छ । "स्थलगत प्राविधिक अध्ययनपछि मापदण्ड पूरा गर्ने कम्पनीलाई मात्र 'आरएओसी' दिन्छौँ", उहाँले भन्नुभयो, "कम्पनीहरुसँग स्काइडाइभिङ गराउने आफ्नै प्रशिक्षकसमेत हुनुपर्ने प्रावधान छ ।" इनस्काइ स्काइडाइभ कम्पनीका सञ्चालक पाण्डेले आफ्नो कम्पनीमार्फत अहिले नेपाली प्रशिक्षकले नै स्काइडाइभिङ गराइरहेको बताउनुभयो । चीन, थाइल्याण्ड र दुबईमा तालिम लिनुभएका अनुभवी प्रशिक्षक एलिस थापाले पोखरामा अहिले तीन प्याकेजमा स्काइडाइभिङ गराउँदै आएको बताउनुभयो । नेपालीका लागि डिलक्स प्याकेजको मूल्य रु ९५ हजार छ । भिआइपी प्योकजको रु एक लाख १५ हजार र डायमण्ड प्याकेजका लागि रु एक लाख ५० हजार तोकिएको छ । विदेशीका लागि क्रमशः ७५०, ९०० र एक हजार २०० डलर कायम गरिएको प्रशिक्षक थापाले बताउनुभयो । उहाँसहित सुवास थापा, मनिष हिराचन र नेपालको पहिलो महिला स्काइडाइभर यसोदा केसी थापाले पोखरामा स्काइडाइभिङ गराउँदै आउनुभएको । "तालिमप्राप्त र अनुभवी विदेशी नागरिकहरु एकल (सोलो) स्काइडाइभिङका लागि पोखरा आउन रुचाउँछन्, पछिल्लो समय नेपालीहरुमा पनि स्काइडाइभिङको आकर्षण बढेको छ", प्रशिक्षक थापाले भन्नुभयो, "अधिकांश पाइलटसहित (टेण्डम) उडान गर्नेहरु हुन्छन् ।"

तेह्र हजार फिटमाथि रहेको हेलिकप्टरबाट हाम फालेर प्यारासुटको सहायतामा अवतरण गर्ने गरिएको उहाँले बताउनुभयो । हेलिकप्टरबाट हाम फालेको ५० सेकेन्डपछि प्यारासुट खुल्ने र त्यसपछि सातदेखि आठ मिनेटसम्म आकाशमा उडान हुने उहाँको भनाइ छ । "स्काइडाइभिङ गर्ने साहसिक पर्यटकलाई पोखराका हिमाल र प्राकृतिक सौन्दर्यले लोभ्याउने गर्छ, उडानका बेला उनीहरु धेरै रोमाञ्चक बन्छन्", प्रशिक्षक थापाले भन्नुभयो, "पोखरामा स्काइडाइभिङ गर्ने जोकोहीलाई जीवनकै अभूतपूर्व क्षणको अनुभव हुन्छ ।"

उहाँले स्काइडाइभिङलाई नेपालमा व्यावसायिक रुपमा अगाडि बढाउने सोचले आफूले विदेशमा गएर तालिम हासिल गरेको बताउनुभयो । "पोखरालाई स्काइडाइभिङलगायत साहसिक खेलको केन्द्र बनाउन सकिन्छ, यसले रोजगारी सिर्जनादेखि देशको अर्थतन्त्रमा पनि ठूलो मद्दत पुग्छ", प्रशिक्षक थापाले भन्नुभयो, "नागरिक उड्डयन प्राधिकरणले छिट्टै कम्पीहरुलाई 'आरएओसी' दिएर स्काइडाइभिङलाई नियमत सञ्चानल गर्ने वातावरण बन्नेमा हामी आशावादी छौं ।"



तातोपानी कुण्डमा स्नान गर्दै :
म्याग्दीको बेनीनगरपालिका-४,सिङ्गा तातोपानीस्थित तातोपानी कुण्डको पोखरीमा स्नान गर्दै सर्वसाधारण । ५० डिग्री तापक्रममा निस्कने तातोपानी कुण्डमा स्नान गरेमा विभिन्न रोग निको हुने जनविश्वाँसका साथ यहाँ उपचारका लागि विरामीहरु समेत स्नान गर्न आउँछन् । चिसो बढेसँगै तातोपानी कुण्डमा स्नान गर्न आउनेको चाप बढेको छ । तस्बिर : दलप्रसाद बिश्वकर्मा / रासस

# पोखरा ३१ पचभैयाका रमेश विश्वका सर्वोत्कृष्ट वैज्ञानिकहरूको सूचीमा

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

पोखरा-३१ पचभैया, किमबेसीका रमेश प्रसाद अधिकारी विश्वका सर्वोत्कृष्ट वैज्ञानिकहरूको सूचीमा परेका छन् ।

सन २०२५ मा विश्वका सबैभन्दा बढी प्रभाव पार्ने शीर्ष वैज्ञानिकहरूको सूचीमा पर्ने ३१ जना नेपाली वैज्ञानिकमध्ये अधिकारी पनि परेका हुन् । एल्सेभियरसँगको सहकार्यमा अमेरिकाको स्ट्यानफोर्ड युनिभर्सिटीले तयार पारेको वार्षिक 'ग्लोबल ऱ्याङ्किङ'मा ३१ जना नेपाली वैज्ञानिकहरू समावेश भएका छन् । स्ट्यानफोर्ड युनिभर्सिटीले हरेक वर्ष यस्तो सूची तयार गर्छ । अध्ययन अनुसन्धानका आधारमा उनीहरूले प्रकाशन गरेका पुस्तक र 'साइटेशन' का आधारमा यो तयार गरिन्छ । अधिकारी त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा अनुसन्धानकर्ता हुन् ।

१५ वर्षभन्दा बढी समयदेखि जनसंख्या अध्ययन, पोषण, जनस्वास्थ्य र मानसिक स्वास्थ्यका क्षेत्रमा निरन्तर अनुसन्धान गर्दै आएका रमेश प्रसाद अधिकारी हालै विश्वका प्रतिष्ठित वैज्ञानिकहरूको सूचीमा परेका छन्। उनीले राष्ट्रिय स्तरका विभिन्न ठूला सर्वेक्षणहरूको–गहिरो विश्लेषणमार्फत वैज्ञानिक प्रमाण



उत्पादनमा महत्वपूर्ण योगदान गरेका छन् । अधिकारीका वैज्ञानिक लेख प्रकाशनमा मातृ-शिशु पोषण, किशोरावस्था, मानसिक स्वास्थ्य, लैङ्गिक असमानता, जनसांख्यिकीय प्रवृत्ति र सामाजिक विकाससम्बन्धी अध्ययनहरू समावेश छन्, नेपालका नीतिगत तहमा समेत उपयोगी मानिएका छन्। तिनै प्रभावकारी अनुसन्धान र प्रकाशनका आधारमा उनलाई विश्वस्तरको प्रभावशाली वैज्ञानिकको रूपमा चिनिएको हो । यो सूचीमा त्रिभुवन विश्वविद्यालयबाट मात्र अधिकारी सहित ७ जना परेका छन् । यसरी पर्नेमा अजय भट्टराई, भीष्म कार्की, निरञ्जन पराजुली, रामप्रसाद शर्मा, गोविन्दप्रसाद ढुङ्गाना र हरि छन् । त्रिवि शिक्षण अस्पतालका रञ्जितकुमार शाह, बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सञ्जीवकुमार शर्मा र सुमन रिजाल, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र इसिमोडका अरुणभक्त श्रेष्ठ र फिलिप वेस्टर, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान नास्टका वैज्ञानिक डा निरञ्जन कोइराला, काठमाडौं इन्स्टिच्युट अफ कम्प्लेक्स फ्लोजका शिवप्रसाद पुडासैनी, नेपाल हेल्थ रिसर्च काउन्सिलका मेघनाथ धिमाल, ग्लोबल सेन्टर फर रिसर्च एण्ड डेभलपमेन्टका छविलाल रानाभाट रहेका छन् । बायो टेक्नोलोजी सोसाइटी अफ नेपालका विकास बराल, लुम्बिनी मेडिकल कलेजका आलोक आत्रेय, एनएनआरसिका उत्तम पौडेल, सिलिकन स्क्रिप्ट साइन्स प्रालिका पुकार खनाल, ग्लोबल हेल्थ रिसर्च एण्ड मेडिकल इन्टरभेन्सन फर डेभलपमेन्टका सुरजभट्टराईरकलेजअफमेडिकल साइन्सेज नेपालका विपिन चौरसिया छन् । ट्रान्स कल्चरल साइकोसोसल अर्गनाइजेशन नेपालका मार्क जेडी जोर्डन्स, इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्स्टिच्युटका सन्तोष नेपाल, गण्डकी युनिभर्सिटीका राजकुमार थापा छन् ।

सिईएमवाइटी पिटर आर हब्स, ग्लोबल इन्स्टिच्युट फर इन्टरडिसिप्लिनरी स्टडिजका सुरेन्द्र केसी, काठमाडौं विश्वविद्यालयका सुदनकुमार झाको नाम पनि समावेश छ । ग्रेड एकेडेमी प्रालिका रन्दिप रकुवाल, काठमाडौं क्यान्सर सेन्टरका सुनिलकुमार श्रेष्ठ, ग्रेट एकेडेमी प्रालिका गणेशकुमार अग्रवालको नाम पनि सूचीमा छ ।

# पोखरामा हुने १० किलोमिटर पोखरा सडक दौडमा १ हजार २ सय जना धावक सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

पोखरामा शनिबार हुने खुल्ला १० किलोमिटर सडक दौड प्रतियोगितामा १ हजार २ सय जना धावक सहभागि हुने भएका छन् ।

कास्की जिल्ला एथलेटिक्स संघले पोखरामा पहिलो पटक शनिबार आयोजना गर्न लागेको 'एक्सट्रिम एनर्जी ड्रिङ्क्स पोखरा १० के रेस'मा १ हजार २ सय जना धावक सहभागि हुने भएको संघले आज पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराएको हो । पोखरा रंगशालाबाट सुरू हुने दौडमा १० किमितर्फ ४६२ जनाले सहभागिता जनाउने भएकाछन् ।

जस मध्ये पुरूष ४१० र महिलातर्फ ५२ जना रहेको कास्की एथलेटिक्सका सचिब सिद्धान्त अधिकारीले बताउनु




भयो । त्यस्तै विद्यालयस्तरिय ५ किमि दौड छात्र/छात्रातर्फ कुल ७३८ जनाको सहभागिता रहने भएका छन भने छात्रतर्फ ४८२ जना र छात्रातर्फ २५६ जनाको सहभागि हुने भएको अधिकारीले जनाउनु भयो ।

एथलेटिक्स खेलको विकास र प्रवर्द्धन पहिलो पटक आयोजना गरिएको पोखरा १० के रेसमा उत्साहजनक रूपमा खेलाडीले देशैभरबाट आफ्नो नाम दर्ता गरेको कास्की एथलेटिक्सका अध्यक्ष गज बहादुर गुरूङले बताउनु भयो । उहाँले भन्नुभयो "हामीले पहिलो चरणमा १ हजार जनालाई सहभागी गराउने अपेक्षासहित मेडल र टिसर्टको व्यवस्था गरेका थियौं, केही समय हेर्दै जाँदा धेरै खेलाडीहरु करिब १२०० जना खेलाडीको नाम दर्ता गरिसक्नुभयो । अब भने हामी खेलाडीलाई दर्ता लिन सक्दैनौ ।"

१० किमि दौड पहिलो हुने देखि लिएर पाँचौ स्थान सम्म प्राप्त गर्ने महिला/पुरूषतर्फ समान नगद क्रमश प्रथम, दोश्रो, तेश्रो, चौथो, पाचौलाई २०, १५, १०, ७ र ५ हजारका साथमा मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । विद्यालय छात्र/छात्रा दौडतर्फ क्रमश पहिलो देखि पाँचौ स्थान सम्मका लागि १०, ७, ५, ३ र २ हजार नगद प्रदान गरिने छ । त्यस्तै टप २५ जना फिनिसरलाई गिफ्ट ह्याम्परको समेत व्यवस्था आयोजकले गरेको छ भने १० के दौड फिनिसरलाई मेडल प्रदान गरिने छ । प्रतियोगितालाई प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगर पालिका र एक्सट्रिम एनर्जी ड्रिङ्कले सहकार्य गरेको आयोजकले जनाएको छ । प्रतियोगिता सम्पन्न गर्न करिव १५ लाख खर्च लाग्ने संघले जनाएको छ ।

त्यसै गरी प्रतियोगितामा १० किलोमिटर सडक दौड तर्फ महिला तथा पुरुष उत्कृष्ट ३ जना खेलाडीहरुलाई पोखरा च्याम्पियन घोषणा सहित प्रथम, दोश्रो र तेश्रो हुनेलाई क्रमशः ५ हजार, ३ हजार र २ हजार सहित गिफ्ट ह्याम्पर प्रदान गरिने भएको छ ।

## पोखरा...

यो सडक खण्डमा हालसम्म ३७ किलोमिटर एकतर्फी कालोपत्र भइसकेको छ । उक्त खण्डका इन्जिनियर सहनशीला कायस्थका अनुसार हालसम्म उक्त सडकको भौतिक प्रगति ५९.८९ र वित्तीय प्रगति ४७.८० प्रतिशत प्रगति भएको छ । उहाँले भन्नुभयो "२ ९.६१ किमीमा दुईतर्फी (चार लेन) र ७.७९ किमी सडकमा एकतर्फी (दुई लेन) कालोपत्र भइसकेको छ ।" चालु आवमा १४ किमी कालोपत्र कार्य भएको छ । सोही अवधिमा दुईवटा कल्भर्ट निर्माण भएका छन् । पश्चिम खण्डका १२ मध्ये ११ वटा पुल र १०५ वटा कल्भर्ट पनि निर्माण भएका छन् । सहरी क्षेत्रमा 'सर्भिस लेन'सहित छ लेन र अन्यत्र चार लेनको सडक बन्ने छ । आयोजनाका अनुसार पोखराको सेती पुलदेखि तल्लो गगनगौँडासम्म छ लेनको हुनेछ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# मधेसको किचलो

भदौ २३ र २४ गते जेनजी विद्रोह र ध्वंसात्मक आन्दोलनको घाउमा मलम नलाग्दै मधेस प्रदेशमा सत्ताको जालझेल भएको छ। प्रदेश प्रमुखले सजिलो नाटक रचिदिँदा फेरि संघीयताप्रतिको वितृष्णा थपिएको छ। बहुमतभन्दा धेरै सांसद विपक्षीमा हुँदाहुँदै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले एमालेका सरोजकुमार यादवलाई मुख्यमन्त्रीको नियुक्ति दिनु जालझेल थियो । स्वाभाविक रूपमा भण्डारीलाई संघ सरकारले पदमुक्त त गर्‍यो तर प्रदेशको राजनीतिक रमिताले प्रदेशमात्रै होइन, देशैभरि पुराना राजनीतिक दलको घिनौला खेलको दुर्गन्ध फैलिएको छ । १ सय ७ सांसदमध्ये ७४ ले प्रदेश प्रमुखलाई दुई वा दुईभन्दा बढी दलको सहमतिमा नयाँ सरकार गठनका लागि आग्रह आइतबार गरेका थिए । तर भण्डारीले काठमाडौं जान्छु भनेर बाटैमा र एकाबिहानै होटलको कोठामा एमालेका यादवलाई शपथ गराइन् ।

त्यसो त भण्डारी एमालेबाटै नियुक्त भएकी थिइन्। तर संवैधानिक पदमा गइसकेपछि निर्वाह गर्नुपर्ने जिम्मेवारीबाट उनी तल्लो स्तरमा उत्रनु विडम्बना हो । मुख्यमन्त्रीको नियुक्तिको विवाद अदालत प्रवेश गर्‍यो। राजनीतिक मामिलालाई राजनीतिक ढंगबाट सुल्झाउनुको साटो जबरजस्ती अदालत प्रवेश गराउने प्रवृत्तिले निरन्तरता पायो। आखिर बहुमत सदस्य नै विपक्षीमा छन् भन्ने प्रदेश प्रमुखलाई आइतबारै थाहा थियो। आफूले गरेको नियुक्तिले निरन्तरता पाउन सम्भव छैन भन्ने देख्दादेख्दै उनले गरेको बलमिच्याइँले अनाहकमा संघीयताको संरचना भनेको यस्तै फोहोरी खेलको थलो हो भन्ने सन्देश प्रवाह भयो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरेपछि अर्को सरकार बन्ने सम्भावना छँदाछँदै विघटन हुन नसक्ने ठहर अदालतले गरिसकेको थियो । मधेसका हकमा पनि त्यही नजिर आकर्षित हुन्थ्यो र हुन्छ । जितेन्द्र सोनलले २५ दिनमात्रै मुख्यमन्त्री चलाएर राजीनामा दिएपछिको रिक्ततामा फेरि उनैले पनि दाबी गर्ने मौका पाउने थियो। र, अरू दलहरू गठबन्धनको सरकार बनाउन कस्सिएकै थियो, त्यो भनेको संविधानको धारा १६८ को उपधारा २ अनुसार थियो ।

तर प्रदेश प्रमुख भण्डारीले उपधारा ३ अनुसार ठूलो दलको नेतालाई मुख्यमन्त्री नियुक्ति दिइन् । जबकि त्यसरी नियुक्त मुख्यमन्त्रीले पनि विश्वासको मत त लिनै पर्छ। त्यो पाउने सम्भावना देखिन्नथ्यो, किनभने ७४ सांसद मुख्यमन्त्री नियुक्त एमाले नेता यादवको विपक्षमा छन् । यो रमिताले लोकतन्त्रको नराम्रोसँग धज्जी त उडाएकै छ, प्रदेश प्रमुखजस्तो संवैधानिक जिम्मेवारीलाई पनि रसातलमा पुर्‍याएको छ । जब संवैधानिक पदमा बस्नेहरू नै झुटको सहारा लिन्छन् तब संस्थागत विश्वसनीयता नै संकटमा पर्छ । यसपालि त्यही भएको छ। यसले संघीय व्यवस्थाप्रति पनि नकारात्मक सन्देश दिएको छायश बारे सर्वोच्चले दिने फैसला कुर्नुपर्छ ।

काठमाडौंको हस्तक्षेपविरुद्ध माओवादी सांसद उत्रिँदा सोनल सरकार टिक्न पाएन। त्यसमाथि फेरि काठमाडौंकै इशारामा भण्डारी र यादवले जुन खेल खेले त्यसबाट प्रादेशिक संरचनाको स्वायत्तलाई कमजोर पारेको छ। संघकै जबरजस्त हस्तक्षेप अनि अदालती बाटोको सहारा लिनुपर्ने स्थिति निम्त्याएर संघीयताको मर्ममाथि बञ्चरो प्रहार हो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# राष्ट्रिय परिचयपत्रमार्फत अनलाइन मतदाता नामावलीमा नाम दर्ता हुने

**रासस**
काठमाडौं, २७ कार्तिक

राष्ट्रिय परिचयपत्रमार्फत आफ्नो विवरण आफैँ भरी मतदाता नामावलीमा नाम दर्ता गर्न सकिने भएको छ।

प्रधानमन्त्री सुशीला कार्कीले आ सामाजिक सञ्जालमार्फत जानकारी दिनुहुँदै अब नागरिकले अनलाइन प्रणालीबाट नै मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने सुविधा सुरु भएको बताउनुभयो। उक्त सुविधाले राष्ट्रिय परिचयपत्र भएका नागरिकले निर्वाचन आयोगको वेवसाइटमा प्रि-रजिष्ट्रेशन फारम भरेपछि बायोमेट्रिकका लागि कार्यालय जानुपर्ने बाध्यता हटेको छ । मतदाता दर्ता प्रक्रिया चार चरणमा सम्पन्न हुनेछ । पहिलो चरणमा राष्ट्रिय परिचयपत्रको विवरण मिलान गरी मतदाता परिचयपत्रसँग जोड्ने प्रक्रिया सुरु हुनेछ । दोस्रो चरणमा देखिएका विवरण पुनःजाँच गरी त्रुटि भए सच्याउने व्यवस्था गरिएको छ । तेस्रो चरणमा मतदानस्थल छनोट गर्न तथा नयाँ बसोबास वा विवाहका कारण ठेगाना परिवर्तन भए आवश्यक कागजात अपलोड गर्न सकिनेछ । चौथो तथा अन्तिम चरणमा सबै विवरण अन्तिम पटक जाँच गरी फारम अनलाइनमार्फत पेस गरेपछि मतदाता नामावली दर्ता प्रक्रिया पूरा हुनेछ ।

# कागतीका बोट मर्न थालेपछि किसान चिन्तित

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ कात्तिक

जरा कुहिने रोगले धमाधम कागतीका बोट मर्न थालेपछि बागलुङका किसान चिन्तित भएका छन् । तीन महिला अगाडिदेखि कागतीका बोट सुकेर मर्न थालेपछि किसान चिन्तित बनेका हुन् । सयौँ किसानका हजारौँ बोट कागती मर्दा लाखौँको क्षति हुन थालेको छ । सुरुमा बोट पहेँलो हुने र एक महिनामा सबै सुक्ने समस्या रहेको छ ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष अधिकारीले किसानको गुनासो आएपछि बारीमै पुगेर अध्ययन गर्दा जरा सुक्ने रोगले कागती मरिरहेको बताउनुभयो । अहिले बोटमा लटरम्म फल रहेको हुँदा उपचार गर्न नसकिने भन्दै फल टिपेर सकेपछि जरा खनेर उपचार गरिने उहाँको भनाइ छ । फल नदिएका बोटको भने उपचार हुने अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, “कागतीका बोट सुक्न थालेपछि धेरै ठाउँका किसानले हामीलाई फोन गरेर गुनासो गर्नुभयो, उहाँहरूको गुनासो आएपछि बारीमै पुगेर अध्ययन गर्दा जरा सुक्ने रोगले यो समस्या आएको पत्ता लगायौँ, यसका उपचारका विधि छन्, फल भएको बोटमा अहिले उपचार गर्न मिल्दैन, फल टिपेर सकेपछि जराको माटो खनेर उपचार गर्नुपर्छ, यो रोगले धेरै क्षति पुर्‍याएको छ ।” निसीखोला गाउँपालिका-४ का किसान चक्रबहादुर रोकाले बारीमा लगाएका अधिकांश बोट मर्न थालेको बताउनुभयो । टिप्ने बेलाको कागतीका दाना खस्नाका साथै बोट नै मरेको उहाँको भनाइ छ । अघिल्लो वर्ष लगाएका बिरुवासमेत मर्न थालेको रोकाले बताउनुभयो । गाउँको पाखो जमिनलाई सदुपयोग गरी व्यावसायिक रूपमा कागतीखेती सुरु गरेका मगरलाई बोट मर्दा लाखौँको क्षति हुने चिन्ता छ । “बारीमा भएका कागतीका कुनै पनि बोट बाँकी छैनन्, सबै सुकेर मर्न लागेका छन्, कोहीका हाँगा सुकेका छन्, कोहीको पूरै बोट नै सुकेको छ, कृषि प्राविधिकलाई समस्याका बारेमा जानकारी त गराएका छौँ तर समाधान भएको छैन, बारीमा पुराना कागतीका रूख थिए, सुरुमा ती रूखका हाँगा मर्न थाले र पछि साना बोटमा पनि यो समस्या देखियो ।” स्थानीय तमबहादुर खत्रीले १२० बोटमध्ये ९० भन्दा बढी बोटमा रोग देखिएको बताउनुभयो । आफूले सुक्न थालेका सबै बोटका हाँगा काट्न सुरु गरेको उहाँको भनाइ छ । अघिल्लो वर्ष पनि धुलोको प्रकोपले धेरै बोट कागती मरेको खत्रीले बताउनुभयो । गाउँका सबै किसानको कागती बगानमा यो रोग देखिएको छ । जिल्लामा हाल ७९७ हेक्टर क्षेत्रफलमा कागतीजन्य फलफूलखेती हुँदै आएको छ । पछिल्लो समय कागतीखेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# कालीगण्डकी कोरिडोरः लस्ती-बेनी खण्ड कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ कार्तिक

कालीगण्डकी कोरिडोरअन्तर्गत लस्ती-बेनी खण्डमा कालोपत्र गर्न थालिएको छ । यो मालढुङ्गा-बेनी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मुख्य सडक हो ।

बेनी-जोमसोम-कोरला सडक योजनाका सूचना अधिकारी इन्जिनियर विष्णु चापागाईका अनुसार आज फर्सेदेखि बेनीतर्फको बाटो कालोपत्र गरिने छ । “तेह्र किलोमिटर लामो मालढुङ्गा-बेनी सडकको पहिरो प्रभावित क्षेत्रमा दुई किलोमिटर ढलान भइसकेको छ”, उहाँले भन्नुभयो ।

यसअघि मालढुङ्गा-बेनी सडकअन्तर्गत पर्वतको कुश्मा नगरपालिका-१ मालढुङ्गादेखि जलजला गाउँपालिका-८ नाग्लीवाङको फर्सेसम्म पाँच किलोमिटर कालोपत्र भएको थियो ।

# एमबीबीएस प्रवेश परीक्षामा उत्कृष्ट विद्यार्थीलाई प्रतिभाको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ कात्तिक




पोखराको प्रतिभा माविले चिकित्सा शिक्षा आयोगले लिएको एमबीबीएस शैक्षिक कार्यक्रम २०८२/०८३ का लागि सञ्चालित एकीकृत प्रवेश परीक्षामा नाम निकाल्ने विद्यार्थीलाई बधाईका साथ सम्मान गरेको छ ।

आयोगले मंगलवार प्रवेश परिक्षा नतिजा सार्वजनिक गर्दै योग्यताक्रममा परेका नामसूची प्रकाशित गरेको थियो । ८ हजार ७ सय ७२ जना परीक्षार्थीहरूले नाम निकालेकोमा उत्कृष्ट १०० भित्र प्रतिभा एकै विद्यालयबाट ५ विद्यार्थी परेका छन् ।

टप १०० मा नाम निकाल्ने विद्यार्थीहरू युनिक पौडेल, भिष्म रेग्मी, समीर सुवेदी, दिक्षा सुनार र विनेश तिम्सिनाका साथै सफल गुरुङलाई प्रतिभा माविले विहीबार एक समारोहकाबीच बधाई ज्ञापनका साथै सम्मान गरेको हो । विद्यालय सञ्चालक समितिका अध्यक्ष नारायण पौडेलले विद्यार्थीले सफलता चुमेको दिन विद्यालयको लागि सबैभन्दा खुशीको दिन रहने बताए । पवित्र सेवा समर्पित भावनाको शिक्षा आर्जन गरेर देशमै बसेर उत्कृष्ट चिकित्सकीय कर्म गर्न पनि पौडेलले सुझाए । ‘शिक्षक र विद्यार्थीको मेहनत, विद्यालय र अभिभावकको साथले नै यस्तो उत्कृष्टता मिल्दछ । यस्तो सफलतालाई निरन्तरता दिन अझै मेहनतको खाँचो छ । एउटै सफलताले जीवनमा पुग्दैन ।’ अध्यक्ष पौडेलले भने - ‘एकै विद्यालयबाट ६ जनाले नाम निकाल्नु भनेको करीब ४ करोड छात्रवृत्ति प्राप्त गर्नु हो । यस्तै उपलब्धिले प्रतिभा मावि प्रदेश मात्र नभएर देशमै उत्कृष्ट विद्यालयको सुचीमा पर्न सफल छ ।’ विद्यालयका प्राचार्य किरण सापकोटाले पोखरालाई अब केवल पर्यटनको राजधानी नभई शिक्षाको राजधानीका रूपमा चिनाउने सपना प्रतिभा माविबाट साकार हुँदै गएको बताए । सापकोटाका अनुसार देशभरका विद्यालयबाट १०० जनाभित्र ५ जनाले एकै वर्षमा प्रतिष्ठित विश्वविद्यालयमा नाम लेख्नु विद्यालयका लागि ऐतिहासिक उपलब्धि हो । उनले थपे - ‘प्रतिभाको जीवन अनन्त रहोस् । यहाँका विद्यार्थीहरूको मेहनत, कर्म र उपलब्धिले विद्यालयको नाम सुनौलो अक्षरमा अंकित भएको छ ।’

कार्यक्रमका प्रमुख अतिथि मणिपाल शिक्षण अस्पताल पोखराका मेडिकल डाइरेक्टर प्रा. डा. अभिषेक मास्केले विद्यार्थीहरूलाई भावी चिकित्सकका रूपमा देश र समाजको सेवा गर्ने प्रेरणा प्रदान गरे । ‘प्रतिभा माविले गुणस्तरीय शिक्षाको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ । अब पढाइका लागि काठमाडौं जानुपर्ने आवश्यकता छैन भन्ने कुरा प्रतिभाले प्रमाणित गरेको छ ।’ उनले भने - ‘यहाँ प्रदान गरिएको शिक्षा नै गुणस्तरीय र भविष्यमुखी छ ।’ डा. मास्केले विद्यार्थीहरूलाई जुनसुकै पेशा वा व्यवसाय रोजे पनि कक्षा ११ र १२ बाटै आफ्नो ‘रोडम्याप’ तयार पार्न सुझाए । ‘डाक्टर बन्नु केवल पेशा होइन, यो मानवता र सेवासँग सम्बन्धित जिम्मेवारी हो ।’ उनले थपे - ‘ यहाँ सिकेका मूल्य र ज्ञानका आधारमा समाजका लागि उत्कृष्ट चिकित्सक उत्पादन हुने विश्वास मैले लिएको छु ।’ अभिभावक वासुदेव तिमिल्सिनाले प्रतिभा मावि सबैका लागि गौरवको विद्यालय बनेको बताए । उनले सबैभन्दा ठूलो कुरा अनुशासन भएको बताउँदै अनुशासनले नै सफलता र अवसरका सबै बाटो खोल्ने उनले विश्वास व्यक्त गरे । उनले विद्यालयले प्रदान गरेका अवसरहरूको सदुपयोग गर्न सक्नु विद्यार्थीहरूको जिम्मेवारी भएको बताए । उनले विद्यालय परिवारप्रति धन्यवाद ज्ञापन गरे ।

सम्मानित विद्यार्थी समीर सुवेदीले गुणस्तरीय शिक्षा प्राप्तिका लागि अब काठमाडौंमै जानुपर्छ भन्ने सोच प्रतिभा माविले बदलिदिएको बताए । उनले भने ‘कडा मेहनत गर्नुस् । सफलता हाँसिल गर्न सजिलो हुन्छ । मेहनत गरे भाग्यले पनि साथ दिन्छ । त्यसैले भाग्यभन्दा कर्ममा विश्वास गर्नुपर्छ ।’

# परिवार नियोजन संघको अभियान जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ कात्तिक




नेपाल परिवार नियोजन संघ कास्की शाखाले संचालन गरेको यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान जारी रहेको छ ।

पछिल्लो समय पोखरा महानगरपालिका वडा नं १७ को छोरेपाटन मा.वि र पोखरा महानगरपालिका वडा नं ३३ को सरस्वती टिका मा.विमा अभियान संचालन गरिएको छ । अभियानमा कक्षा ११ र १२ का किशोर किशोरी र युवाहरु सहभागि गराइएको नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो । अभियान २४ वटा विद्यालय तथा कलेजसम्म लगिनेछ । छोरेपाटन मा.विमा आयोजित कार्यक्रम शुभारम्भ गर्दै पोखरा महानगरपालिका वडा नं १७ की वडा अध्यक्ष राधिका शाही योगीले बढ्दो उमेरसँगै आउने यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धि समस्या समाधानका लागि अभियान सहयोगी हुने बताउनुभयो । उता सरस्वती टिका मा.विमा आयोजित कार्यक्रम शुभारम्भ गर्दै पोखरा महानगरपालिका वडा नं ३३ की कार्यवाहक वडा अध्यक्ष दुर्गा केसी थापाले यस्ता अभियानलाई अझ तिव्र पार्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सरस्वती टिका मावि व्यवस्थापन समितिका अध्यक्ष लाल प्रसाद पराजुली, प्रधानाध्यापक सूर्यराज अभिकारी र छोरेपाटन माविका प्रधानाध्यापक डिल्लीराम शर्माले बोल्नु भएको थियो । कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल, बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारी र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो ।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले संचालन गर्नुभएको थियो ।

# चालुआवका लागि अन्नपूर्णमा एक सय ५६ योजना छनौट

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ कात्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन गर्ने एक सय ५६ योजना छनौट गरेको छ ।

रु १६ करोड २७ लाख ८३ हजार बजेट बिनियोजन भएका तीन योजना कार्यान्वयनका लागि सर्वेक्षण, लागत अनुमान तयार, उपभोक्ता समिति गठन, ठेक्का आव्हान र सम्झौताको प्रक्रीया अघि बढाएको हो । पालिका स्तरका २४ सहित एक सय ५६ वटा योजना मध्य हालसम्म तीन योजनाको सम्झौता, एकको अन्तिम भुक्तानी, ४४ को सर्वेक्षण, ३० को लागत अनुमान तयार र सात को ठेक्का आव्हान भएको प्रमुख प्रशासकीय अधिकृत कपिल पाण्डेले जानकारी दिनुभयो ।

आगामी पुष महिनाभित्र सम्झौता र आगामी वैशाख महिनासम्म अन्तिम भुक्तानी गर्ने लक्ष्य अनुसार योजना कार्यान्वयनमा जुटेको उहाँले बताउनुभयो । गाउँपालिकाले प्राथमिकता दिएका सडक तर्फ भिरकाटे-दोवा, पोखरेबगर-चित्रे, तातोपानी-भुरुङ, बिच्छान-लिस्ने, घार खेलमैदान र रातोपानी कुण्ड संरक्षण योजनाको ठेक्का आव्हान भएको छ । सडक स्तरोन्नति, पदमार्ग, पर्यटन पूर्वाधार, सामुदायिक भवन, खानेपानी, सिचाई, खेलमैदान, पहिरो तथा नदी नियन्त्रण सम्बन्धी योजनाहरू धेरै छन् । यसअघिका वर्षमा ठेक्का सम्झौता भएका प्रभा र पाउद्धार माविको भवन, रुप्से झरना पूर्वाधार, सेकार्कु तातोपानी निर्माण र खिवाङ-घराम्दी सडक योजनालाई यस वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । जग्गा प्राप्ति सम्बन्धी प्रक्रिया पुरा गरेर चालु आर्थिक वर्षदेखिनै प्रशासकीय भवन निर्माण शुरु गर्न जुटेको उहाँले बताउनुभयो । वडा न. ७ को कार्यालय भवन बनाउन महभिरमा जग्गा प्राप्ति भइसकेकोले निर्माण प्रक्रीया अघि बढाउने अध्यक्ष पुनले बताउनुभयो ।

यसैगरी यस वर्ष रु. दुई करोड १२ लाख ७५ हजार आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको अन्नपूर्ण गाउँपालिकाले पहिलो चौमासिकमा रु. एक करोड ३७ लाख पाँच हजार राजस्व संकलन गरेको छ । पर्यटकीय स्थलहरू पुनहिल, भुरुङ-तातोपानी, पाउद्वार तातोपानी र रातोपानी तातोपानी कुण्डलाई आय ठेक्कामा लगाएर रु. करोड १५ लाख २१ हजार ८० आम्दानी भएको छ । गाउँपालिकाले पर्यटकीय स्थलहरूको सञ्चालन, प्रवेश शुल्क, होटल र चिया पसल सञ्चालनका लागि आय ठेक्का लगाएर चालु आव.मा उक्त आम्दानी गरेको उपाध्यक्ष दिवा तिलीजा पुनले बताउनुभयो ।

# को अपाङ्गता भएका बालबालिकामाथि निर्दयी र क्रूर बन्न चाहेको छ ?

रामचन्द्र पौडेल
मुल समिति सदस्य, राष्ट्रिय समावेशी सञ्जाल, नेपाल

नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले अपाङ्गता ऐनमा संशोधनको प्रस्ताव गरिरहेको छ जुन कुरा अत्यन्तै क्रूर अनुभूत भएको छ । परिवारबाट अलग्याउने गरि अपाङ्गता भएका बालबालिकाका लागि अलगै आवास घर किन बनाईन्छ ?

यो संशोधनले देशभर बौद्धिक वा गम्भीर रुपले अपाङ्गता भएका बालबालिकाका लागि पुनर्स्थापना केन्द्रहरू खोल्न कानुनी मान्यता दिनेछ । शब्द सुन्दा त मिठो लाग्ला तर यस शब्दको पछाडिको योजना, वास्तविकता बुझ्दा त्यो अत्यन्तै क्रूर छ ।

परिवार हाम्रो लागि सबैभन्दा महत्वपूर्ण आधारशिला हो । हामी हाम्रो बाल्यकाल सम्झौ त, जहाँ हामी सुरक्षित थियौं, दाजुभाइ, दिदीबहिनी, हजुरबा-हजुरआमा, बाबाको माया, आमाको काख र ति उत्साहबर्धक दिनहरु! लड्यौं भने हामीलाई सम्हाल्ने कोमल हातहरु थिए। वास्तविक पारिवारिक स्नेह, माया, सुरक्षामा रम्दै हुर्कदै गरेका र सँस्कृति, सँस्कार र सभ्यता सिक्दै बढेका दिनहरु !

तर सरकारको यो कदम हेर्दा हामीलाई यस्तो लागेको छ कि बौद्धिक अपाङ्गता भएका वा गम्भीर रुपले अपाङ्गता भएका बालबालिकालाई यस्तो माया, यस्तो स्नेह, यस्तो संरक्षणको कुनै अधिकारै छैन । उनीहरूले मायालु वातावरण परिबारिक घरमा पाउँने होइन, ठूला चिसा भवनहरूमा कोचिदिने हो । सरकारले यो योजना आ. ब.२०८०/२०८१ कै बजेटमा समेटिसकेको छ । यो संशोधन त एउटा फगत औपचारिकता मात्र हो । अब सरकारहरुले यिनै चिसा भवनहरु बनाउनेछ जहाँ १०० देखि ३०० जना अपाङ्गता भएका बालबालिका एकैचोटि थुपारिनेछन् । यस्ता ठाउँलाई न घर भनिन्छ, न छात्रावास, न पुनर्स्थापना केन्द्र ! यो त कारागार पनि होइन, यो त पृथ्वी कै नर्क जस्तै हुनेछ । के यो एउटा क्रूरता होइन र ?

यस्ता किसिमका विशाल केन्द्रहरू विगतमा धेरै देशमा बनाइएका थिए । वर्षौं देखिका तथ्यहरूले देखाउँछ कि त्यस्ता स्थानमा बालबालिकाले माया, सुरक्षा, वा सहारा पाएनन् । वास्तवमा त्यहाका अधिकांश कथाहरू दुर्व्यवहार र क्रूरता सम्बन्धी छन् । यस्ता केन्द्रहरूमा मृत्यु दर अत्यन्त उच्च भएको छ । त्यस्ता केन्द्रहरू अहिले संसारभर बन्द गरिएका छन् । अब यस्तो योजना ल्याउने कुरा संसारले कल्पना पनि गर्दैन । तर, यी कुविचारहरू हाम्रो देशमा कहाँबाट फेरि आएका हुन् ? पहिले ठानिन्थ्यो ठूला संस्थामा बालबालिका राख्नु समाधान हो, अहिले बुझियो, त्यो गल्ती थियो ! त्यस्ता केन्द्रहरु बनाएर अपाङ्गता भएका बालबालिकाका निम्ति सरकारले राम्रो पुनर्स्थापना गराउछौ, असल फिजियोथेरापी स्वास्थ्य सेवा दिन्छौ भन्नु सबै हावा कुरा हुन् । हामीलाई थाहा छ, नेपालमा पर्याप्त विशेषज्ञ जनशक्ति नै छैन, र जो जति छन् उनीहरू यस्ता ठाउँमा जान चाहँदैनन् । सरकार सँग राम्रो सँग चलाउने क्षमता पनि छैन । केन्द्रका कर्मचारीले आमाबाबुको जस्तो माया, सुरक्षा, र संरक्षणको ठाउँ लिन सक्छन् ? कहिल्यै सक्दैनन् । कसैलाई लाग्दो होला हामीलाई जे भने पनि हुन्छ।

अहिले पनि शिक्षा मन्त्रालयको मातहतमा करिब ८ हजार अपाङ्गता भएका बालबालिकाहरू छन् र उनीहरूलाई आवासीय स्रोत कक्षामा राखिएको छ । ३० वर्षदेखि चलिरहेका यी कक्षाहरू सुरुमा पनि मूल्याङ्कन केन्द्र वा पुनर्स्थापना केन्द्रका रूपमा भनिए तर केही वर्षमै त्यो उद्देश्य हरायो । यी कक्षामा रहेका बालबालिकाले कहिल्यै फिजियोथेरापी, ब्यबहारिक थेरापी सेवा पाएका छैनन् । न पहिले, न अहिले । तिनीहरू सेवा र मायाबाट वञ्चित छन् । जब सरकारले ३० वर्षपछि पनि १२ देखि १५ जना बालबालिकाको समूहलाई राम्रोसँग सञ्चालन गर्न सकेको छैन भने किन फेरि नयाँ सङ्कट सिर्जना गर्न लागिएको हो ? यी विचारहरू कसले ल्यायो ? कस्को स्वार्थ पुरा गर्न गरिब र अपाङ्गता भएका बालबालिकासँग यस्तो क्रूर व्यवहार गरिँदैछ ?

सरकारका केहि ब्यक्ति भन्छन्, "आमाबाबुहरूले अपाङ्गता भएका बच्चा चाहँदैनन् ।" म यो कुरामा विश्वास गर्दिन । करिब २० वर्षअघि गरिएको एउटा अध्ययन "अपाङ्गता भएका आफ्ना सन्तानप्रति अभिभावकको चाहना" भन्ने शीर्षकमा १५० भन्दा बढी आमाबाबुसँग अन्तर्वार्ता लिइएको थियो , त्यसले देखायो कि ९८% आमाबाबुहरू आफ्ना सन्तानलाई आफू सँगै राख्न चाहन्छन् । तर धेरैले आर्थिक अभाव, जानकारी र सहयोगको नपाएको कारण बाध्य भएर बच्चा संस्थामा पठाउनु परेको बताउँछन् । त्यसपछि भएका धेरै अध्ययनहरू पनि यही कुरा पुष्टि गर्छन् । बौद्धिक वा गम्भीर रुपले अपाङ्गता भएका बालबालिकाका आमाबाबु थाकेका हुन्छन्, थकित हुन्छन् । बालबालिकाको हेरचाह गर्न गाह्रो पर्छ । तर यसले तिनीहरूले आफ्ना बालबालिका आफूसँगै चाहँदैनन् भन्ने होइन् वा राज्यले आफ्नै बालबालिकालाई परिबारबाट अलग राखेर सजाय दिन मिल्छ भन्ने संकेत पनि होइन । बालबालिकालाई परिबारबाट अलग राख्ने व्यवहार अन्ततः हामी सबैको लागि हानिकारक हुन्छ । बरु परिबारलाई साथ, सहयोग र समर्थन चाहिन्छ ।

अब हामी के चाहिन्छौ भने पालिकाहरूले स्थानीय स्तरमै सेवाको विकास गरोस् । अधिकार विकेन्द्रीकरणको सार नै यही हो कि कमजोर जनसमूहका लागि थप सान्दर्भिक, प्रभावकारी सेवा ल्याइन्छ । तर अहिले सबै तहका सरकारहरूले अपाङ्गता भएका बालबालिकाका आमाबाबुको जीवन सुधार गर्ने खासै प्रयास गरेका छैनन् । सरकार ! अपाङ्गता परिचयपत्र वा मासिक भत्ता पर्याप्त छैन, बजेट कम भयो । त्यति बजेटले के गर्ने ?

फेरि प्रश्न गर्न चाहन्छु कि यो विचार कसको हो ? अपाङ्गता भएका बालबालिकाको आवश्यकता र अधिकारबारे थोरै मात्र ज्ञान भएको कसैले यस्तो योजना ल्याउदैन ।

फेरि जिज्ञासा राख्न चाहन्छु कि कसले पीडित अभिभावकहरूको सहनशीलता र धैर्यतालाई कमजोरी ठान्दै मानवशून्यता सिद्ध गर्न खोजिरहेको छ ?

कसले हाम्रा सुन्दर हिमालहरूलाई दूर्गम स्थानमा रहेको र पहुँच नभएको बहानामा यस्तो क्रूर योजना बुनिरहेका छन् ? कतिपय देशमा धेरै उचाइ भएका ठूला र अग्ला पहाड छन् तर उनीहरूले आफ्ना बालबालिकासँग क्रूरता साँध्दैनन् । यस्ता दूर्गम भौगोलिक स्थानहरूमा पनि समुदायमै सेवा पुर्याउने प्रभावकारी तरिकाहरू छन् तर त्यसका लागि प्रतिबद्धता, ज्ञान, दृढ संकल्प र सहानुभूति चाहिन्छ । सस्तो लोकप्रिता खोजेर यो प्राप्त हुदैन, सरकार !

अन्त्यमा म हार्दिकरुपले आह्वान गर्छु कि जो जसले मन्त्रालयलाई यस्तो घोर अमानवीय र क्रूर योजना बनाउन प्रेरित गर्दै हुनुहुन्छ कृपया यो कुरालाई पुनरबिचार गर्नुहोस् । सबैको सामुन्ने खुलेर हाम्रो आग्रहलाई सुनि दिनुहोस् । कृपया यो समय अग्रगामी सोचका साथ दीगो योजना बनाउने बेला हो भनेर सबै तहका सरकार हरुबाट बुझ्नु होस् ।

# एन प्याब्सनको बाल प्रतिभा पहिचान तथा खेलकुद प्रतियोगिता मंसिर तेस्रो सातामा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ कात्तिक

नेसनल प्याब्सन, कास्कीको आयोजनामा मंसिरको तेस्रो सातामा दोस्रो बृहत बाल प्रतिभा पहिचान महोत्सव तथा खेलकुद प्रतियोगिता-२०८२ हुने भएको छ ।

बाल प्रतिभा पहिचान मंसिर २४ देखि २६ गते सम्म पोखरा प्रदर्शनी केन्द्र र खेलकुद प्रतियोगिता मंसिर २० देखि २२ गते सम्म पोखरा रङ्गशालामा हुनेछ । कार्यक्रमको औपचारिक उद्घाटन भने मंसिर २४ गते हुनेछ । बाल प्रतिभा पहिचान अन्तर्गत सामूहिक लोकनृत्य, एकल गायन, चित्रकला, कविता वाचन, अभिनय, विज्ञान तथा प्रविधि, हस्तकला अन्तर्गत पात, पराल र चोयाबाट निर्मित सामग्रीहरु, र अंङ्ग्रेजी वक्तृत्वकला प्रतियोगिता रहेको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए। अंङ्ग्रेजी वक्तृत्वकला प्रतियोगितामा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले सहभागिता जनाउने छन् भने अन्य प्रतियोगितामा कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको सहभागिता रहने छ । त्यसैगरी खेलकुद तर्फ छात्र क्रिकेट प्रतियोगिता र छात्र फुटसल प्रतियोगिता रहेको छ । क्रिकेट तर्फ कक्षा १ देखि १० सम्मका विद्यार्थीले सहभागिता जनाउने छन् भने फुटसल तर्फ कक्षा ११ र १२ का विद्यार्थीले मात्र सभागिता जनाउने छन् ।

महोत्सवलाई सफल बनाउनका लागि विभिन्न उपसमिति समेत गठन गरिएको अतिरिक्त क्रियाकलाप प्रमुख राजु कायस्थले जानकारी दिए । उपसमिति अन्तर्गत सामूहिक लोकनृत्य प्रतियोगिताको संयोजकमा शिवराज पौडल तथा सदस्यहरुमा पितृराज अधिकारी र विक्रम सुवेदी रहेका छन् । एकल गायन प्रतियोगिताको संयोजकमा अर्जुनप्रसाद अधिकारी तथा सदस्यहरुका हेम रानाभाट, रुद्रप्रसाद अधिकारी साथै सल्लाहकारमा तिलक प्रसाद अधिकारी रहेका छन्। त्यसैगरी चित्रकला प्रतियोगिताको संयोजकमा विष्णुप्रसाद पौडेल तथा सदस्यहरुमा मित्र राई र सुरेशराज पाण्डे रहेका छन् । कविता वाचन प्रतियोगिताको संयोजकमा हरिराज अधिकारी तथा सदस्यहरुमा विक्रम सुवेदी र भुवन पौडेल रहेका छन् । अभिनय प्रतियोगिताको संयोजकमा विक्रम सुवदी तथा सदस्यहरुमा दिपु भारी र अशोक शर्मा रहेका छन् । विज्ञान तथा प्रविधि प्रतियोगिताको संयोजकमा तोलाकान्त न्यौपाने तथा सदस्यहरुमा अजय थापा र शालिग्राम पराजुली रहेका छन् । हस्तकला प्रतियोगिताको संयोजकमा रमेशराज पौडेल तथा सदस्यहरुका गगन गुरुङ र सोमनाथ पौडेल रहेका छन् । अंङ्ग्रेजी वक्तृत्वकला प्रतियोगिताको संयोजकमा हेम रानाभाट तथा सदस्यहरुमा हरि धमला र मित्र राई रहेका छन् । त्यसैगरी खेलकुद प्रतियोगिता अन्तर्गत क्रिकेट प्रतियोगिताको संयोजकमा ज्ञानेन्द्रबहादुर थापा तथा सदस्यहरुमा हिमाल गुरुङ र देवराज कार्की रहेका छन् । फुटसल प्रतियोगिताको संयोजकमा अर्जुन प्रसाद पाण्डे तथा सदस्यहरुमा ज्ञानेन्द्र बहादुर थापा, हिमाल थापा र सल्लाहकारमा केशवशरण पौडेल रहेका छन् ।

महोत्सव कास्की तथा छिमेकेकी जिल्लाका निजि तथा सामुदायिक विद्यालयका विद्यार्थी, अभिभावकले अवलोकन गर्न सक्ने एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए । 'यो महोत्सव विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्तफुटन मात्र नभई सिकाईको थलो पनि हुने हामीले विश्वास लिएका छौ' उनले भने, 'यो महत्वपूर्ण अवसरलाई सदुपयोग गर्नका लागि महोत्सव अवलोकन गर्न सम्पूर्ण कास्कीका विद्यार्थी तथा अभिभावकलाई निमन्त्रणा गर्दछौं' महोत्सवलाई सफल बनाउनका लागि तयारी शुरु गरिसकेको एन प्याव्सन कास्कीका सचिव प्रेमराज अधिकारीले जानकारी दिए । उनका अनुसार एन प्याव्सनमा आवद्ध विद्यालयका विद्यार्थीहरुले आफ्ना प्रतिभा प्रस्तुत गर्नका लागि तयारीलाई तिव्र पारेका छन् । प्रतियोगितामा एन प्याब्सनमा आवद्ध ४३ वटा विद्यालयका विद्यार्थीले प्रतिस्पर्धा गर्नेछन् ।

# कागतीखेतीबाट तीन महिनामा नौ लाख आम्दानी

**हरिप्रसाद बास्तोला**
गण्डकी, २७ कात्तिक



कृषि कर्ममा लाग्ने हो भने रोजगारीका लागि विदेशै ताक्नु पर्दैन भन्ने यहाँका एक कृषकले उदाहरण दिनुभएको छ । पोखरा महानगरपालिका-३१ खनास्वाराका टुकाराम लामिछाने कागतीखेतीबाट तीन महिनामा झण्डै रु नौ लाख आम्दानी गरेर सबैका लागि अनुकरणीय बन्नुभएको हो ।

एलसी अर्गानिक कृषि फर्म दर्ता गरेर आठ वर्षअघि भिरालो २६ रोपनी जग्गामा लगाएका ५०० सोना जातका कागतीका बिरुवाले चार वर्षको अवधिदेखि निरन्तर उत्पादन दिन थालेको र यस वर्षको भदौ, असोज र कात्तिकमा मात्र कागती बिक्रीबाट रु नौ लाख आम्दानी गरेको कृषक लामिछानेले जानकारी दिनुभयो । कृषि ज्ञान केन्द्र स्याङ्जाबाट उपलब्ध गराइएका २०० ठूलो लेमनका बिरुवाले राम्रो उत्पादन दिए पनि बजारमा बिक्री नभएपछि सबै बोट हटाएर सो स्थानमा सोना जातका बिरुवा रोपेको बताउँदै उहाँले भन्नुभयो, "उत्पादन भएको कागती बिक्री हुँदैन कि भन्नु पर्दैन, यतिखेर बजारमा कागती प्रतिकिलो रु २०० देखि २५० का दरले बिक्री हुने गरेको छ ।" उमेरले ६५ काटेका कृषक लामिछाने परम्परागत खेती प्रणाली अपनाउँदा बाँदर र अन्य जङ्गली जनावरले नष्ट गर्न थालेपछि विकल्पका रुपमा सुरु गरेको व्यावसायिक कागतीखेती पछिल्लो समय मुख्य आम्दानीको श्रोत बनेको बताउनुहुन्छ । बेगनासतालको जलाधार क्षेत्रमा पर्ने सो स्थानमा लिफ्टिङ प्रविधिमार्फत सिँचाइको राम्रो प्रबन्ध मिलाइएका कारण कागतीका बोटमा बाह्रै महिना फल लाग्ने गरेको बताउँदै उहाँले वार्षिकरुपमा रु १५ लाखभन्दा बढी आम्दानी हुने गरेको जानकारी दिनुभयो । कागतीको एउटै बोटमा वर्षमा एक क्वीन्टलसम्म फल्ने गरेकामा खुशी व्यक्त गर्दै उहाँले भन्नुभयो "यो तीन महिनाको अवधिमा दैनिक ४० देखि ५० किलो उत्पादन भएको थियो, कागतीको बोटमा कुनै पनि विषाधि प्रयोग गर्नुपरेको छैन, बजारमा अर्गानिक उत्पादनको महत्व बढेको छ ।"

पछिल्लो समय तातोपानी, चिया र खानामा कागतीको अत्याधिक प्रयोग हुने हुँदा बजारमा माग बढेको छ । कास्कीमै पहिलो व्यावसायिककागतीखेतीसुरुगरेको दाबी गर्ने लामिछानेले भन्नुभयो, "राज्यकातर्फबाट कृषकलाई आवश्यक सहयोग गरेर प्रेरित गर्ने हो भने कागतीलगायत तरकारीमा आत्मनिर्भर बन्न सकिन्छ।" कागती अन्तरबालीका रुपमा तरुल, अकबरे खुर्सानी, टिमुर, अमला, ओल, एभोकाडो, अम्बा, सुन्तला, ज्यामिर, निबुवा, ठूलो बयर, रातो केरा, मेकानियानट जस्ता विभिन्न जातका फलफुलका बोटबिरुवा फष्टाएका छन् । परिक्षणका लागि लगाएको एउटा स्याउको बोटमा ५०-६० वटा फल लागेको भए पनि सबै बाँदरले खाएको उहाँले बताउनुभयो । "यदी सरकारले किसानको फर्मबाट नै उत्पादित कागतीलगायत कृषिजन्य उत्पादन खरिद गर्ने व्यवस्था गरिदिए कृषक अझ बढी उत्साहित हुने थिए", कृषक लामिछानेले भन्नुभयो, "उत्पादित कागती पोखराका बजारमा सञ्चालित रेष्टुरेन्ट तथा तरकारी पसलमा बिक्री गर्ने गरेको छु, कागती पुऱ्याउने र पैसा उठाउने समय फर्ममा लगाउन पाउने हो भने आम्दानी निश्चितरुपमा बढ्ने थियो ।" कागतीको बोटबाट टिपेको फल बजारमा बिक्री गर्ने र पाकेर झरेका फल सङ्कलन गरेर पेलेर अमिलो उत्पादन गरेर बिक्री गरेर थप आम्दानी गर्दै आएको जनाउँदै उहाँले गतसाल ४८ माना अमिलो बिक्रीबाट रु ७२ हजार आम्दानी गरेको उहाँले बताउनुभयो । उहाँले पकाएको अमिलो प्रतिमाना रु एक हजार ५०० र काचो रस प्रतिमाना रु ५०० का दरले बिक्री गर्दै आउनुभएको छ । साथै उहाँले अमिलो बनाएर निस्केको कागतीको छोक्रा, वनमारा, असुरो, भेली लगायतका विभिन्न बनस्पति सङ्कलन गरेर दुई हजार लिटरको हिल ट्याङ्कीमा जैविक मल उत्पादन गर्नुभएको छ ।

उत्पादिन मल पाइपमार्फत प्रत्येक बोटमा राख्ने व्यवस्थासमेत मिलाइएको उहाँको भनाइ छ । मुलुकमा वन क्षेत्रको विस्तारसँगै बाँदर र जङ्गली जनावरको आतङ्कले धेरै किसान खेतीबारी छाड्न बाध्य भएको वर्तमान अवस्थामा लामिछानेको कागतीखेतीले नयाँ सम्भावना र प्रेरणा दिएको पोखरा महानगरको कृषि महाशाखा प्रमुख मनोहर कडरिया बताउनुहुन्छ ।

# डोल्पाका याक मुस्ताङमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २७ कात्तिक



हिउँद सुरु भएसँगै उपल्लो डोल्पाका याक धमाधम मुस्ताङ झारिएको छ । यहाँ ल्याइएका याक बिक्रीका लागि जोमसोमलगायत स्थानमा झारिएको हो ।

बर्सेनि कात्तिक र मङ्सिर महिनामा उपल्लो डोल्पाका विभिन्न स्थानमा पालिएका अग्ला कद भएका याक मुस्ताङमा बिक्री गर्न ल्याउने चलन छ । हिउँदयाममा तरकारीको अभाव हुने भएकाले मुस्ताङमा डोल्पाबाट ल्याएका याकको किनबेच चल्छ । तर, हिउँदयाममा तरकारी हुने पहिलो अवस्था भने अहिलेको सडकको अवस्थाले फेरिएको छ । मुस्ताङमा हिउँदयामका लागि मानिसले याक र भेडाच्याङ्ग्राको सुकुटी बनाउने परम्परागत संस्कृति नै हो ।

तर, भेडाच्याङ्ग्रा महँगो पर्ने भएको र याकको मासु स्वास्थ्यवर्द्धक र थप स्वादिलो हुने भएकाले मुस्ताङी अधिकांशले याककै सुकुटी पारेर झुण्ड्याउने प्रचलन रहेको छ । यसरी सुकुटी पारेर राखेको याकको सुकुटी हिउँदयाममा तरकारीको अभाव हुँदा विभिन्न तरकारीमा मिसाएर खाने गरिन्छ । उपल्लो डोल्पा प्रसिद्ध याकचौंरीपालनको केन्द्र नै मानिन्छ । त्यसो मुस्ताङमा पनि याक पाल्नेको सङ्ख्या उल्लेख छ ।

उच्च हिमाली क्षेत्र उपल्लो डोल्पामा प्रशस्त चरन क्षेत्र र याकचौंरीका लागि सन्तुलित हावापानी भएकाले डोल्पाली याक जक्खड र अग्ला कदको हुन्छन् । उपल्लो डोल्पाको उच्चलेक, खर्क र बुगिनमा हिमाली भेगमा पाइने यार्सागुम्बा, निरमसी, जटामसी, पाचऔंलेलगायत जडीबुटी प्रशस्तै हुने र त्यहाँका याकले त्यस्ता जडीबुटी सेवन गर्ने भएकाले मुस्ताङकोभन्दा डोल्पाली याक अब्बल मानिन्छन् । मुस्ताङका याक होचो कद हुने भएकाले यहाँका याक पारखीहरुले डोल्पालीलाई याकलाई मन पराउने गरेको पाइएको हो । विगतका वर्ष झैं यस वर्ष पनि डोल्पाबाट बिक्रीका लागि मुस्ताङमा याक ल्याइएको हो । मुस्ताङमा मङ्गलबारसम्म पाँच हुल याक झरिसकेका छन् । थप दुई हुल थपिने क्रममा रहेको जनाइएको छ ।

बारागुङ मुक्तिक्षेत्र-५ धार्काजुङका याक व्यापारी सितार गुरुङले १८ वटा याक उपल्लो डोल्पाबाट पैदल खेदाउँदै १२ दिन लगाएर जोमसोम ल्याई पुऱ्याएको जानकारी दिनुभयो । गुरुङले उपल्लो डोल्पाको पिसेर, छार्का, तिञ्जु र धोतरपलगायत गाउँबाट याक खरिद गरी मुस्ताङ ल्याउन गरेको बताउँनुभयो ।

यस वर्ष कात्तिकको १० गते भारी हिमपात परेका कारण डोल्पाबाट मुस्ताङमा याक ल्याई पुऱ्याउन निकै समस्या भएको गुरुङको भनाइ छ । "मुस्ताङ-डोल्पा सडकमा निकै बाँक्लो हिउँ जमेको छ", याक खेदाउँदै ल्याउन मुश्किल पऱ्यो, गुरुङले भन्नुभयो, "बाटोमै पकाउने र खाने गर्नुपर्छ, ल्याइएका याक हराउँछन् कि भन्ने डर हुन्छ ।" गुरुङले डोल्पाबाट होलसेल मूल्यमा एकमुष्ट खरिद गरी जोमसोम ल्याएको बताउनुभयो । उपल्लो डोल्पाबाट ल्याएर जोमसोममा प्रतियाकलाई रु एक लाख ६५ हजार मूल्यमा बिक्री गर्ने गरेको बताउनुभयो । विगत छ वर्षदेखि निरन्तर याकको व्यापार गर्दै आइरहेका गुरुङले कोहीले अर्डर गर्ने र कोहीले अर्डर नगरे पनि याक हेरेर किनेर लैजाने गरेको बताउनुभयो । डोल्पाबाट ल्याइएको एउँटै जिउँदो याकको वजन २५० केजीभन्दा बढी हुने गुरुङको भनाइ छ । मुस्ताङीहरुले हिउँदयाममा याकको सुकुटी बनाएर खाने प्रचलन रहे पनि पछिल्लो समय पर्यटकलेसमेत याकको मासु खान रुचाउने गरेको पाइएको छ । डोल्पाबाट मुस्ताङ ल्याइएका धेरैजसो याक जोमसोम, मार्फा, स्याङ, टुकुचे, कोवाङ र लेतेलगायत स्थानमा सजिलै बिक्री हुने गरेको छ । याकको सुकुटी मुस्ताङीका लागि हिउँदयामको महत्वपूर्ण तरकारीका रुपमा लिने गरिन्छ । हिउँदयाममा याक सुकुटी पारेर झुन्ड्याउँदा नगन्हाउने भएकाले याक सुकुटी हिउँदयाममा मात्रै तयार पारिने प्रचलन रहेको छ ।